कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८२ साल जेठ १३ गते मङ्गलबार *बैठकबाट* भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | "गैरसरकारी संस्थाको अभिलेख र व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"मन्त्रिपरिषद् प्रशासन तथा विधयक समितिमा छलफल गरा पस गर्ने।" |
| २. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | "आमसञ्चार तथा सूचना प्रविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८२"मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी पेस गर्ने।" |
| ३. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | १.मनसुनजन्य विपद् प्रभावित निजी आवास पुर्ननिर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ र आगलागीजन्य विपद् प्रभावित निजी आवास पुर्ननिर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७८ बमोजिम प्रदेश सरकारले बेहोर्नुपर्ने ३० प्रतिशत लागत साझेदारीको रकम प्रदेश विपद् प्रभावित निजी आवास प्रवलीकरण, तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ को दफा १२ को उपदफा (२) र विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ( पहिलो संशोधन) नियमावली, २०८१ को नियम १५ (क) बमोजिम प्रदेश विपद् व्यवस्थापन कोषबाट सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउने।<br>२.आर्थिक मामिला तथा योजना मन्त्रालय सुर्खेतबाट प्रदेश विपद् व्यवस्थापन कोषमा रू. ७,९२,४०,०००/- (अक्षरेपि रू. सात करोड बयानव्वे लाख चालिस हजार मात्र) सोधभर्ना वापतको रकम निकासा गर्ने। |
| ४. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | "उच्च मूल्य कृषि वस्तु उत्थानशील कार्यक्रम (Resilient High Value Agricultural Programme -R-HVAP) को प्रदेशस्तरीय कार्यक्रम व्यवस्थापन कार्यालय, सुर्खेत र कर्णाली करिडोर अन्तर्गत जुम्ला र भेरी करिडोर अन्तर्गत जाजरकोट जिल्लामा करिडोर कार्यालय (Corridor Office- COs) को स्थापना र सो कार्यालयहरुको आ.व.२०८१।८२ को लागि तयार गरिएको अस्थायी संगठन संरचना र दरबन्दी" स्वीकृत गर्ने। |
| ५. | सामाजिक विकास मन्त्रालय | "कर्णाली प्रज्ञा प्रतिष्ठान स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१" प्रदेश सभामा पेश गर्न स्वीकृत गर्ने सम्बन्धमा छलफल गरी प्रदेश मन्त्रिपरिषदमा पेश गर्ने सम्बन्धी विषयको सामाजिक विकास मन्त्रालयको नं. ७/१६-२०८१/१२/१७ को प्रस्ताव प्र.मं.प.वै.सं २१/०८१ मिति २०८१/१२/१७ गते प्रदेश मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने" निर्णय भए अनुसार मिति २०८२/०२/०७ गते बसेको समितिको बैठकमा विधेयक पेश भएकोमा "प्रस्तुत विधेयकको सम्बन्धमा छलफलमा उठेका विषयहरु समेत समावेश गरी यसैसाथ परिमार्जन सहितको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।" |

## कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८२ साल जेठ १९ गते सोमबार बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको बेहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम मिति २०८२/०२/२१ गते बुधबार दिनको ३:०० बजे प्रदेश सभामा प्रस्तुत गर्न माननीय प्रदेश प्रमुखलाई अनुरोध गर्ने। |
| २. | आर्थिक मामिला तथा योजना मन्त्रालय | सम्मानीत उच्च अदालत सुर्खेत (जुम्ला) इजलासको मिति २०८१/०८/१९ मा "निवेदकले हालसम्म गरेको कामको प्राविधिक मुल्याङ्कन गरी भुक्तानीको लागि विपक्षी नगरपालिकाले सिफारिस गरे बमोजिमको रकम निवेदकलाई भुक्तानी दिने सम्बन्धमा जो जे गर्नुपर्ने आवश्यक प्रक्रिया अवलम्वन गरी भुक्तानी दिन" भनी परमादेश जारी भएकोले छायानाथ रारा नगरपालिकाको अनुरोध बमोजिमको रकम रु. १३,८६,२२०।– (अक्षेरुपी तेह्र लाख छयासि हजार दुई सय बीस) सहिद स्मृत भवन निर्माण उपभोक्ता समिति, मुगुले भुक्तानी पाउने गरी आर्थिक मामिला तथा योजना मन्त्रालयको अर्थ विविध भैपरी आउने पूँजीगत खर्च शिर्षक नं. ३१५११ बाट छाँयानाथ रारा नगरपालिकालाई बजेट अख्तियारी प्रदान गर्न स्वीकृती दिने। |
| ३. | सामाजिक विकास मन्त्रालय | यस मन्त्रालयमा कार्यरत उपसचिव (दशौं) श्री जवाहरलाल हमाल (क.सं.नं.१४४९५८) लाई अर्को व्यवस्था नभएसम्मको लागि कर्णाली प्रदेश खेलकुद विकास परिषद्को सदस्य सचिव नियुक्ति गर्ने। |
| ४. | जलस्रोत तथा उर्जा विकास मन्त्रालय | खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना अन्तर्गत निर्माणाधीन (भेरी पम्पिङ्ग आयोजना) का लागि वीरेन्द्रनगर नगरपालिका, सुर्खेतलाई रू. ४ करोड अख्तियारी दिन स्वीकृति प्रदान गर्ने। |

कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८२ साल जेठ २१ गते बुधबार बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको बेहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम स्वीकृत गर्ने र माननीय प्रदेश प्रमुख मार्फत प्रदेश सभामा प्रस्तुत गर्ने। |